# संघीय संसद
## प्रतिनिधि सभा, २०७९
## दोस्रो अधिवेशन
## बैठक संख्या - ४४

## सूचनापत्र - २
(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०८० साल साउन १० गते बुधबार

प्रतिनिधि सभाको आजको बैठक सम्माननीय सभामुख श्री देवराज घिमिरेको अध्यक्षतामा दिनको ३:०० बजे प्रारम्भ भयो ।

बैठकको प्रारम्भमा आकस्मिक समय लिएर निम्नलिखित माननीय सदस्यहरुले पछिल्लो एकवर्ष यता त्रिभुवन विमानस्थलको सुरक्षा व्यवस्था अत्यन्त्य कमजोर बनाएर ठूलोमात्रामा सुन तस्कर गर्ने कार्य बढेको, पछिल्लो दुई/तीन महिनाको अवधिमा करिब बीस क्विन्टलभन्दा बढी सुन तस्करी हुनु सामान्य विषय नभएकोले यसको छानविनको लागि उच्च स्तरीय छानविन समिति गठन गर्न सम्माननीय सभामुखबाट रुलिङ हुनु पर्ने, क्विन्टलभन्दा बढी सुन तस्करीको अनुसन्धान जारी रहुन्जेल गृहमन्त्री र अर्थ मन्त्रीले नैतिकताको आधारमा राजिनामा दिनुपर्ने, सुन तस्कर लगायत विभिन्न अपराध विरुद्ध सरकारले गरिरहेको छानविन कार्यलाई सबैले समर्थन गर्नुपर्ने, सुन तस्करीको घटनामा सम्बन्धित त्रिभुवन विमानस्थलका विभिन्न निकायका प्रमुखहरुलाई तुरुन्त बर्खास्त गर्नुपर्ने, सुन तस्करमा संलग्न भरियामात्र नभई तस्करीको मुख्य नाइकेलाई कानूनको दायरामा ल्याउनु पर्ने, त्रिभुवन विमानस्थलबाट डेढ क्विन्टल सुन बाहिर निस्किएकै दिन सुरक्षा प्रमुख र भन्सार प्रमुख एकैपटक विदा बसेको, तराईमा खडेरीका कारण समयमा रोपाई गर्न नसकिएको साथै खानेपानीको ट्युवेलहरु पनि सुक्न थालेकोले तराईलाई सुख्खा क्षेत्र घोषणा गरेर यथाशिघ्र खानेपानीको उचित व्यवस्थापन गर्नुपर्ने, बैदेशिक रोजगारीको क्रममा मृत्यु भएका नेपाली नागरिकहरुको शव ल्याउने प्रक्रियामा सरकार उदासिन भएको, संसद बैठक चालुरहेको बेला बाधा अड्काउ फुकाउको नाममा संसदले बनाएको ऐनको व्यवस्थालाई सरकारले परिवर्तन गर्न नपाउने, लोडसेडिङ हटिसकेको भनिए तापनि तराईका क्षेत्रमा छिनछिनमा विद्युत प्रशारण बन्द गरिनुले तराइको जनताको जनजिवनमा समस्या परेको, एक टेलिभिजनमा अन्तर्वार्ता दिनेक्रममा तामाङ, मगर लगायत अन्य जाती समुदायको आत्मसम्मानमा चोट पर्नेगरि अभिव्यक्ति दिने अधिवक्ता भगवती पाण्डे साथै उक्त कार्यक्रम प्रस्तोतालाई कानूनी दायरामा ल्याउनु पर्ने, लोकसेवा तयारी पुस्तकमा महिलाको आत्म सम्मानमा गम्भीर आघात पुऱ्याउने प्रश्न उत्तर सामग्री प्रकाशन गर्ने लेखक एवं नेपाल सरकारको वन तथा वातावरण मन्त्रालयका सहायक संरक्षण अधिकृत राम एकवालदासलाई तुरुन्त निलम्बन गरी कानूनी कारवाही गर्नुपर्ने, कर्णाली राजमार्ग भरपर्दो नहुँदा औषधी, खाद्यान्न लगायत अन्य उपभोग्य वस्तुको सहज आपुर्ति कठिनाई भएको, जुम्लाको चन्दानाथ नगरपालिका र गुठिचौर गाउँपालिकामा सातवटा घरमा राति बाहिरबाट चुकुल लगाइदिएर आगजनी गरिएको साथै मुगु कार्मारोङवासी एकजनाको ट्याकटरमा समेत आगजनि गरिएको, खर्च कटौतीको नाममा देशै भरिका सामूदायिक विद्यालयको कक्षा ६ का विद्यार्थीको दिवा खाजा खर्च कटौती गर्ने सरकारको निर्णय गलत भएको, सम्माननीय सभामुखको रुलिङ पश्चात पनि लम्पी स्किन रोगको सन्दर्भमा सरकारको तर्फबाट सम्बन्धित मन्त्रालयको जवाफ हालसम्म पनि नआएको, नियमनकारी निकाय नागरिक उड्ययन प्राधिकरण विमानस्थलमा सेवा सञ्चालनसमेतको दोहोरो भूमिका रहनुले विमानस्थलमा हुने सुन तस्करीजस्ता गतिविधिमा प्राधिकरणले उचित ध्यान पुऱ्याउन नसक्ने लगायतका विषयमा आ-आफ्नो भनाई राख्नुभयो:-

१. मा० श्री पदम गिरी
२. मा० श्री सुनिल शर्मा
३. मा० श्री देवेन्द्र पौडेल
४. मा० श्री रवि लामिछाने
५. मा० श्री राजेन्द्र प्रसाद लिङ्देन
६. मा० श्री प्रदिप यादव
७. मा० श्री अब्दुल खान
८. मा० श्री राम प्रकाश चौधरी
९. मा० श्री प्रेम सुवाल
१०. मा० श्री प्रभु साह
११. मा० श्री सुशिला थिङ
१२. मा० श्री ईश्वरी घर्ती
१३. मा० श्री छिरिङ ल्हामु लामा (तामाङ)
१४. मा० श्री ज्ञान बहादुर शाही
१५. मा० श्री हरि ढकाल
१६. मा० श्री रामहरि खतिवडा
१७. मा० श्री विना जैसवाल
१८. मा० श्री राजेन्द्र बजगाई
१९. मा० श्री ठाकुर प्रसाद गैरे

त्यसपछि सम्माननीय सभामुखबाट शुन्य समय प्रारम्भ भएको जानकारी गराउँनु हुनासाथ नेपाल कम्युनिष्ट पार्टी (एमाले) का माननीय सदस्यहरु आ-आफ्नो स्थानमा उभिनु भएपछि सम्माननीय सभामुखले माननीय श्री पदम गिरीलाई समय उपलब्ध गराउँनु हुँदा पछिल्लो दुई/तीन महिनाको अवधिमा त्रिभुवन विमानस्थलबाट गृहमन्त्री र अर्थमन्त्रीको संरक्षणमा बीसबाइस क्विन्टलभन्दा बढी सुन भित्रिनु सामान्य विषय होइन यस सन्दर्भमा उच्च स्तरिय छानविन समिति गठन हुनुपर्छ र छानविन समिति गठनको लागि सम्माननीय सभामुखबाट रुलिङ होस् अन्यथा यो बैठक अगाडी बढ्न सक्दैन भन्नुहुँदै नेपाल कम्युनिष्ट पार्टी (एमाले) का माननीय सदस्यहरु वेलमा आउनु भई नारावाजी गर्न थाल्नुभयो ।

त्यसपछि सम्माननीय सभामुखले आजको बैठकको कार्यसूचीमा रहेको सम्पूर्ण कार्यक्रम कार्यसूचीबाट हटाइएको व्यहोरा जानकारी गराउँनु हुँदै प्रतिनिधि सभाको अर्को बैठक २०८० साल साउन १५ गते सोमबार दिनको १:०० बजे बस्नेगरी स्थगित भएको समेत जानकारी गराउँनु भयो ।

तदनन्तर प्रतिनिधि सभाको अर्को बैठक २०८० साल साउन १५ गते सोमबार दिनको १:०० बजे बस्नेगरी बैठक दिनको ४:३५ बजे स्थगित भयो ।

डा० भरतराज गौतम
संघीय संसदको महासचिव